# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०६।०१ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

जिल्ला पर्सा जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जगरनाथपुर शिक्षा शाखामा कार्यरत विद्यालय निरीक्षक शिक्षा अधिकृत राजेश्वर प्रसाद चौरसियाले राहत करार शिक्षक र बाल विकास सहयोगी नियुक्तिमा अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा जनसेवा प्राथमिक विद्यालय जगरनाथपुर सिराका शिक्षक लालबाबु साह गोल्दारले कुनै पनि परीक्षाहरू नदिई दस्तुरको बहानामा रू.२,८०,०००।- जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसियालाई घुस रिसवत दिएर निजबाट गलत तथा नक्कली कागजातहरू प्राप्त गरी सोही गलत तथा नक्कली पत्रहरूले राहत शिक्षकको पदमा कार्यरत रही रू.२,१९,०३०।- तलव भत्ता भुक्तानी लिई खाई नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुरसमेत गरेको देखिँदा निजउपर राष्ट्रसेवकलाई घुस रिसवतबापत दिएको रकम रू.२,८०,०००।- र नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको रकम रू.२,१९,०३०।- समेत गरी रू.४,९९,०३०।-(चार लाख उनान्सय हजार तीस) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय गरी घुस रिसवत दिएको रकम रू.२,८०,०००।- ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असुल गरी जफत हुन र नेपाल सरकारलाई हानिनोक्सानी गरेको बिगो रू.२,१९,०३०।— (दुई लाख उन्नाइस हजार तीस) ऐ. ऐनको दफा १७ बमोजिम असुलउपर हुन मागदावी लिइएको ।

जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसिया **लालबाबु साह गोल्दारसँग** विभिन्न दस्तुरहरूको बहानामा रू.२,८०,०००।-गैरकानूनी लाभ घुस रिसवतका रकमहरू लिएर श्री जनसेवा प्राथमिक विद्यालय जगरनाथपुर सिराका प्रधानाध्यापक हकिम अन्सारी र भू.पू.प्रधानाध्यापक महेश प्रसाद यादवसमेतको मिलेमतोमा नक्कली तथा गलत कागजातहरू उपलव्ध गराई सोही गलत तथा नक्कली कागजातहरूबाट लालबावु साह गोल्दारलाई शिक्षकको रूपमा कामकाजमा लगाई वदनियतसाथ तलब भत्ता प्राप्त गर्ने गरी रू.२,१९,०३०।— नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको स-प्रमाण पुष्टि भएकोले निज प्रतिवादी **राजेश्वर प्रसाद चौरसियाले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ द्वारा परिभाषित कसुरसमेत गरेको देखिन आएकोले निजउपर  उपर दस्तुरको बहानामा घुस/रिसवतबापत लिएको रकम रू.२,८०,०००।- र नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको रकम रू.२,१९,०३०।—समेत गरी रू.४,९९,०३०।-(चार लाख उनान्सय हजार तीस) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय गरी घुस/रिसवत लिएको रकम रू.२,८०,०००।- ऐ. को दफा ३ को

उपदफा (१) बमोजिम असुल गरी जफत हुन र नेपाल सरकारलाई हानिनोक्सानी पुगेको विगो रू. २,१९,०३०।– (दुई लाख उन्नाईस हजार तीस ) ऐ. ऐनको दफा १७ बमोजिम असुलउपर हुन मागदावी लिइएको ।

श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सेढवा विर्ता पर्साका भूतपूर्व प्रधानाध्यापक महेश प्रसाद यादव र श्री जनसेवा प्राथमिक विद्यालय जगरनाथपुर सिराका प्रधानाध्यापक हकिम अन्सारीले राष्ट्रसेवक कर्मचारीसँगको मिलेमतोमा गलत तथा नक्कली कागजातहरूका आधारमा विभिन्न व्यक्तिहरूलाई शिक्षकको रूपमा तलव भत्तासमेत भुक्तानी दिलाउन गैरकानूनी लाभ प्राप्त गर्न राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको काम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा मतियार हुने कार्य कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीहरु महेश प्रसाद यादव र हकिम अन्सारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको रकम रू.२,१९,०३०।- विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

**(प्रदीपकुमार कोइराला)**

**प्रवक्ता**